दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २७२ | बुटवल | २०८२ असोज १३ गते, सोमबार | नेपाल संवत ११४५ | Monday September 29, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# ओली र लेखकसहित पाँच जनाको पासपोर्ट रोक्का गर्न सिफारिस

लुम्बिनी संवाददाता

*बुटवल*

एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र उनकै मन्त्रिपरिषद्का गृहमन्त्री रमेश लेखकसहित ५ जना विदेश जान नपाउने भएका छन् । सरकारले ओलीसहित पाँच जनाको पासपोर्ट रोक्का गर्ने निर्णय गरेको छ । जेन-जी आन्दोलन दमनबारे जाँचबुझ गर्न गठित आयोगको सिफारिसमा उनीहरूलाई विदेश जान रोक लगाएको हो ।

गृह मन्त्रालयले उनीहरुलाई अनुमतीविना काठमाडौं उपत्यका बाहिर जान पनि रोक लगाएको छ । विदेश जान रोक लगाइएकामा पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख हुतराज थापा र पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाल छन् ।

जेनजी आन्दोलनमा अस्वाभाविक बल प्रयोग गरेका कारण अनुसन्धानको दायरामा रहेको भन्दै न्यायिक जाँचबुझ आयोगले उनीहरूको यात्रा सीमित गरिदिएको हो । अब उनीहरूले उपत्यकाबाहिर जान पनि आयोगको अनुमति लिनुपर्नेछ ।

'भाद्र २३ र २४ गतेका घटनाहरूको छानबिन तथा जाँचबुझको सिलसिलामा अनुसन्धानको दायरामा रहेका ५ जनाको विदेश भ्रमण रोक लगाउन आवश्यक कारबाही गर्नहुन तथा छानबिनका लागि कुनै पनि समयमा आयोगमा उपस्थित हुनुपर्ने हुँदा आयोगको स्वीकृतिबेगर काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्था गर्न गराउनका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय आयोगले गरेको छ ।

आयोगको यो निर्णय यस्तो समयमा सार्वजनिक गरिएको छ, जतिखेर एमाले अध्यक्ष ओली पार्टीको सचिवालय बैठकको अध्यक्षता गरिरहेका छन् । उनले शनिबार मात्रै उत्तेजक भाषण गरी 'यो सरकार हाहुँबाट बनेको' टिप्पणी गरेका थिए । गृहमन्त्री रमेश लेखक भने हाल आमाको काजक्रियामा छन् ।

हुतराज थापाले अनुसन्धान विभागको प्रमुखबाट अवकाश पाइसकेका छन् । रिजाल प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीबाट हटाइएका छन् ।



जेनजी आन्दोलनका क्रममा पहिलो दिन १९ जनाको मृत्यु भएको थियो भने हालसम्म ७४ जनाको मृत्यु भइसकेको छ ।

दुई दिने आन्दोलनमा यति ठूलो मानवीय क्षति नेपालको राजनीतिक आन्दोलनको इतिहासमा पहिलो हो । यस्तै, जाँचबुझ आयोगको काम प्रभावकारी रूपमा सम्पादन गर्न विज्ञसहितको जनशक्ति आवश्यक देखिएकोले थप जनशक्तिको लागि गृह मन्त्रालयमा लेखी पठाउने निर्णय पनि भएको आयोगले जानकारी दिएको छ । यस्तै सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएकाहरूको उपचारका लागि काठमाडौंसहित देशका १६ अस्पतालमा 'जेनजी क्लिनिक' सञ्चालनमा ल्याएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आइतबार ट्रमा सेन्टरमा घाइतेहरूलाई परिचयपत्र वितरण गरी क्लिनिक शुभारम्भ गरेका हुन् । परिचयपत्र वितरण गर्न देशभरका जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिइएको मन्त्रालयले जनाएको छ । जेनजी प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको पहिचान एवं सहज र प्रभावकारी उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत अस्पताल तोकी क्लिनिक सञ्चालन गरिएको हो ।

काठमाडौं उपत्यकामा वीर अस्पताल, ट्रमा सेन्टर, सिभिल अस्पताल, पाटन अस्पताल र शिक्षण अस्पतालमा जेन-जी क्लिनिक स्थापना गरिएको छ । त्यसैगरी कोशीमा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र कोशी अस्पताल, मधेशमा नारायणी अस्पताल र गजेन्द्रनारायण अस्पताल र बागमतीमा भरतपुर अस्पतालमा क्लिनिक स्थापना गरिएको छ । त्यस्तै गण्डकीमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनीमा भेरी अस्पताल र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णालीमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र सुदूरपश्चिममा डडेलधुरा अस्पताल र गेटा अस्पतालमा जेनजी क्लिनिक स्थापना गरिएको छ ।

मन्त्रालयले घाइते भएका व्यक्तिलाई उपचारमा सहजीकरण गर्न सम्पर्क व्यक्ति र फोन नम्बरसमेत सार्वजनिक गरेको छ । जसमा गृह मन्त्रालयकी उपसचिव सुप्रभा ढुंगेल (९८४१६०८३०५) र स्वास्थ्य मन्त्रालयका भक्त केसी (९८६८८२०२३४) लाई सम्पर्क गर्न सकिने गृह मन्त्रालयले जनाएको छ ।

साथै घाइतेको वर्गीकरण गर्न उपचारमा संलग्न अस्पतालको विषयविज्ञ चिकित्सकको संयोजकत्वमा कार्यदल गठन हुने मन्त्रालयले जनाएको छ । त्यस्तै फलो-अपमा जानुपर्ने घाइतेलाई आवतजावतका लागि स्वास्थ्य मन्त्रालय र सम्बन्धित अस्पतालको सहजीकरणमा निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

» ***बाँकी ३ पेजमा***

## प्रतिशोधयुक्त निर्णय : एमाले

बुटवल । नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओलीलगायतका पाँच जनाको पासपोर्ट रोक्का गर्ने सरकारको निर्णयमा गम्भीर ध्यानाकर्षण गराएको छ । एमालेले यसलाई प्रतिशोधयुक्त निर्णय समेत भनेको छ ।

'यसअघि नै गृह मन्त्रालय मार्फत् मिडिया ट्रायल गरेर अनि दसैंको मौका पारेर गरिएको यस राजनीतिक प्रतिशोधयुक्त कदमप्रति केन्द्रीय सचिवालय गम्भीर आपत्ति प्रकट गर्दछ ।'- एमालेको निर्णयमा उल्लेख छ ।

नेपाल प्रहरीलाई निर्बाध काम गर्ने वातावरण सुनिश्चित गर्न पनि एमालेले ध्यानाकर्षण गराएको छ । एमालेले निर्वाचनको घोषणा गरेको सरकारले राजनीतिक दलहरूलाई निषेध गर्न खोजेको आशंका व्यक्त गरेको छ ।

जेनजी आन्दोलनपछि पहिलोपटक बसेको सचिवालय बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले निर्वाचन तोकेको सरकारले राजनीतिक दलहरूसँग कुनै परामर्श नगरेको बताए ।

'सरकारले राजनीतिक दलहरूसँग परामर्श नगरेको मात्र होइन, निषेधको बाटोबाट हिड्न खोजेको छ,' उनले भने-'राजनीतिक दललाई लक्षित गरेर भौतिक रूपमै क्षति पुर्याउने धम्की आइरहेका छन् ।'

उनले सुदन गुरुङले हालै अलजजिरा टेलिभिजनलाई दिएको अन्तर्वार्तामा व्यक्त धारणातर्फ इंगित गर्दै उनले धम्कीको चर्चा गरेका हुन् । उनले पाँच महिनाभित्र निर्वाचन हुनेमा संशय व्यक्त गरे । जेन-जी आन्दोलनपछि एकाएक चर्चामा आएका गुरुङको अन्तरिम सरकार निर्माणमा भूमिका देखिएको थियो । त्यसयता पनि निरन्तर सक्रिय गुरुङले अलजजिरासँगको कुराकानीमा राजनीतिक दलहरूलाई चुनावमा भाग लिन नदिने, घरबाट बाहिर निस्कन नदिने अभिव्यक्ति दिएका थिए ।

त्यसलाई इंगित गर्दै एमाले उपमहासचिव ज्ञवालीले प्रश्न गरे-'विभिन्न समूहले धम्की दिइरहेका छन् । विभिन्न पात्रहरूले अन्तरवार्ता दिइरहेका छन् । चुनावमा भाग लिनै दिन्नौं, भाग लिए बैधता दिंदैनौं, घरबाटै बाहिर निस्कन दिंदैनौं भनिरहेका छन् । यस्तोमा पाँच महिनाभित्र निर्वाचन सम्भव छ र ?

## हर्क साम्पाङले दिए दल दर्ताको निवेदन



बुटवल । धरान उप-महानगरपालिकाका प्रमुख हर्क साम्पाङले दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् ।

उनले असोज ७ गते नै आयोगमा दल दर्ताका लागि निवेदन दिएका जानकारी दिएको भएपनि असोज १२ गते मात्रै यो विषय सार्वजनिक भएको हो ।

'उहाँले दल दर्ताका लागि निवेदन दिनु भएको छ। पार्टीको नाम श्रम संस्कृति पार्टी र अध्यक्ष उहाँ आफैँ रहने गरी निवेदन प्राप्त भएको छ ।'- आयोगका एक कर्मचारीले भने ।

आयोग स्रोतले दल दर्ताका लागि निवेदन प्राप्त भइसकेको र अध्ययनकै क्रममा रहेको जानकारी दिएको छ । 'दल दर्ताका लागि निवेदन आए पनि अध्ययनकै क्रममा छ, दसैं बिदालगत्तै उक्त निवेदनबारे अध्ययन गरेर दर्ता प्रक्रिया अघि बढाइनेछ' स्रोतले भन्यो ।

धरानको खानेपानी मुद्दामा संघर्ष गरेका साम्पाङ सोही मुद्दाका कारण स्वतन्त्र रुपमा मेयर पद जितेका थिए ।

मेयर भएपछि उनले धरानमा श्रमदान गरी पानीको व्यवस्थापन गरेका छन् । उनी जेनजी आन्दोलनपछि प्रधानमन्त्री बन्न भन्दै काठमाडौं गएका थिए । तर, उनको नाममा सहमति जुट्न सकेन ।

साम्पाङले मन्त्री बन्न भारतीय दूतावास जानुपर्ने रैछ भन्दै आफू त्यसको लागि तयार नरहेको सामाजिक सञ्जालमा आरोप लगाउंदै लेखेका थिए ।

### जेनजी वार्ता टोलीद्वारा
## प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको चुनावमाग

बुटवल । राष्ट्रपतिसँग वार्ता गर्नका लागि गठन भएको जेनजी वार्ता समितिले अन्तरिम संविधान निर्माण गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको निर्वाचन गर्नुपर्ने बताएको छ । आइतबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जेनजी वार्ता टोलीका सदस्यहरुले सो माग अघि सारेका हुन् ।

वार्ता टोलीका एक सदस्य प्रवेश दाहालले राष्ट्रपतिसँग छलफल गरेर आन्दोलनको सेफ ल्यान्डिङ गर्न चाहेको बताए । यो संविधान आफूहरूले नमान्ने उनको भनाइ छ ।

उनले भने-'यो संविधान यो सरकारले खारेज गर्न सक्छ । अन्तरिम संविधान लेख्न सक्ने अधिकार यो सरकारलाई छ । आन्दोलनले राजा त फालेको थियो । प्रत्यक्ष कार्यकारीको निर्वाचन गर्न कुनै रोकटोक हुँदैन । यो संविधानलाई मानेर सरकार बनेको होइन । यो संवैधानिक सरकार नै होइन । असंवैधानिक तरिकाले सरकार बनेको हो । अन्तरिम संविधान बनाएर भए पनि प्रत्यक्ष कार्यकारीको चुनाव गर्नुपर्छ ।'

हार्दिक शुभकामना



नेपालीहरुको महान् चाड विजया दशमी, शुभदिपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा हाम्रो प्रकाशनसँग निरन्तर साथ समर्थन र विश्वास राख्ने हाम्रा पाठक वर्ग, विज्ञापनदाता, शुभेच्छुक तथा देश विदेशमा रहनुहुने दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, स्वास्थ्य र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मोहन चापागाई
अध्यक्ष (एवं)
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर

शुभकामना

विजय दशमी, दिपावली तथा छठ लगायतका पर्वहरुको अवसरमा सबै महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ।।
यहाँहरु सबैको वन, वन्यजन्तु र जैबिक बिबिधता संरक्षणमा ध्यान पुगोस भन्ने अपेक्षा राखेका छौं ।

डिभिजन वन कार्यालय
अर्घाखाँची परिवार
https://dfoarghakhachi.lumbini.gov.np
https://www.facebook.com/dfo.arghakhaanchi

हार्दिक शुभकामना



नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा वन, वन्यजन्तु तथा जैबिक विविधता संरक्षण तथाव्यवस्थापनमा अझ कृयाशिल रहने प्रेरणा सबै वन प्राविधिकमा मिलोस भन्ने अपेक्षा सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।



अध्यक्ष
नेपाल वन प्राविधिक संघ
लुम्बिनी

गाउँबासीहरुमा हार्दिक अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम पाण्डे
अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, गुल्मी

# सम्पादकीय

## दसैं शुभ होस्

नेपालीको घरमा बडादसैं भित्रिएको छ । दसैं नेपालीहरुको महान चाड हो । राष्ट्रिय चाड दसैं हिन्दु धर्मावलम्बीहरूले आश्विन महिनाको शुक्ल प्रतिपदाका दिनदेखि नवमीसम्म (नवरात्रभर) शक्तिको आराधना गरी दसौँ दिन बिहान दसमीका दिन मान्यजनबाट टीका ग्रहण गरेर पूर्णिमासम्म मनाइन्छ । आश्विन शुक्ल प्रतिपदा घटस्थापनामा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येक दिन फरक देवीहरूको पूजा हुन्छ । नौ दिनसम्म नवदुर्गा भवानी नौवटा विभिन्न स्वरूपमा उपासकहरूलाई दर्शन दिनुहुन्छ भन्ने मान्यता हिन्दु धार्मिक समाजमा विश्वास छ । विजयादशमीको दिन भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको उपलक्ष्यमा र खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन छ । यसैले विजया दशमीलाई असत्यमाथि सत्यको जीतको पर्वको रुपमा लिइन्छ ।

बडा दसैं भनेको हिन्दु नेपालीहरुको एक विशेष चाड हो । रोजगारी, अध्ययन र व्यवसाय गर्न गाउँ छाडेर शहर पसेकाहरु कम्तिमा वर्षको एकपल्ट यो चाडमा गाउँ फर्कन्छन् । पारिवारिक र सामाजिक मिलन हुन्छ । एकअर्काबिच भाइचाराको सम्बन्ध बढाएको छ । सामाजिक सद्भाव र सहकार्यको संस्कार बढाएको छ । लामो समय भेटघाट नभएका परिवारका सदस्य र आफन्तको भेटघाटले दसैंले पारिवारिक स्नेह, माया र प्रेमको वातावरण तयार गरेको छ । अरु बेला शहर बसेपनि दसैंमा गाउँमा नै रमाइलो मान्छन्, हरेक व्यक्ति । उनीहरुलाई संस्कार र संस्कृतिप्रति अपनत्वबोध हुन्छ ।

दसैं आर्थिक कारोबार हुने चाड पनि हो । लुगाफाटा, मरमसला, मासुलगायत विभिन्न खानेकुरा र उपभोग्य वस्तुको किनमेल हुने भएकाले गाउँदेखि शहरसम्मका व्यवसायी उत्साहित हुन्छन् । किसानले खसी बोका, कुखुरा, राँगा र बंगुर बेचेर आम्दानी गर्छन् । रोजगारीका लागि विभिन्न मुलुक पुगेका व्यक्तिले रेमिट्यान्स पठाउँछन् । विदेशको गाउँघरमा बस्ने बाआमादेखि परिवारका सदस्यको अनुहारमा खुशी छाउँछ । दसैंले आर्थिक गतिविधिमा समेत चलायमान बनाउने भएकाले यसको आर्थिक सम्बन्ध पनि छ ।

सद्भाव, भाइचारा र मिलनको पर्व दसैं पछिल्ला वर्ष हुने खानेको पर्वको रुपमा स्थापित हुँदै गएको छ । समाजमा तडकभडक बढ्दो छ, समाजमा छाक टार्न सकस परिरहेका निम्न वर्गीय परिवारले चाडबाडमा मिठो मसिनो खाने अवसर पनि बिरलै पाउँछन् । समाज चुलिदो वर्गीय खाडलले दसैं जस्ता पर्व गरिबका लागि 'दशा' भएका छन् । यस्तो खाडल हाम्रो लोकतान्त्रिक प्रणालीका लागि पनि चुनौती हो । सबै नेपालीको घरआँगन र मुहारमा दसैं आएजस्तो उल्लास भयो भने साँच्चिकै समाजमा सामाजिक एकता र सद्भाव बढ्दै जान्छ । सामाजिक एकताको डोरी कसैले तोड्न नसक्ने अवस्था तयार हुन्छ ।

अन्त्यमा, बडा दसैंको सबैलाई मंगलमल शुभकामना ! हामी सबैको दसैं शुभ होस् ।

# हिमाली च्यांग्रा पहाड र तराईका मुख्य बजारमा

ढोरपाटन । दसैं नजिकिएसँगै हिमाली क्षेत्रबाट व्यापारीले धमाधम च्याङ्ग्रा बजार झारिरहेका छन् । दश दिन अगाडिबाटै व्यापारीले मुस्ताङ र डोल्पाका उच्च क्षेत्रबाट म्याग्दी, बागलुङ, पर्वत, पोखरा हुँदै चितवन र बुटवलसम्म पुऱ्याउने गरेका छन् । मुस्ताङका किसानले उत्पादन गरेको च्याङ्ग्रा सहरी क्षेत्र व्यापारीले खरिद गरी बजार पुर्याउने गरेका छन् । यतिबेला सडक छेउछाउमा बाक्लै च्याङ्ग्राका बथानहरू भेटिन्छन् । सडकमै ग्राहक पुगेर खरिद गर्ने गरेका छन् ।

हिमाली क्षेत्रमा हुर्किएका च्याङ्ग्रा अन्यको तुलनामा स्वादिष्ट र औषधीय गुण हुने हुँदा धेरैको रोजाइमा पर्ने गरेको छ । मुस्ताङ र डोल्पामा खरिद गरेका ल्याएका च्याङ्ग्राको मूल्य चितवन र बुटवलसम्म पुऱ्याउँदा बढी हुने गरेको व्यापारी बताउँछन् । व्यापारीले काठमाडौँ, पोखरा, चितवन र बुटवलसम्म ट्रकमार्फत् ढुवानी गर्ने मुस्ताङका च्याङ्ग्रापालक किसान नामदेव गुरुङले बताए ।

तीन दिन हिँडेर बागलुङ आइपुगेका गुरुङले पोखरासम्म पुगेर फर्किने बताए । तीन सय च्याङ्ग्रा लिएर आएका गुरुङले बागलुङको मालढुङ्गा आइपुग्दा ७० वटा बिक्री भएको सुनाए । आफूहरूले उत्पादन गरेको च्याङ्ग्रा खरिदका लागि पोखरा र काठमाडौँबाट व्यापारीहरू गोठमै पुगेर खरिद गर्ने उनको भनाइ छ । हिमाली गोठबाट खरिद गरेको च्याङ्ग्रा तराईसम्म पुग्ने गरेको गुरुङ बताउँछन् ।

"भदौ महिनामै व्यापारीहरू गोठमा पुगेर खरिद गर्छन्, कतिले त अघिल्लो वर्षनै बैना दिएर आएका हुन्छन्, उनीहरूले गोठमा सस्तोमै पाउँछन्, बजार पुऱ्याउँदा महँगो पर्छ, किनकि गाडीमा ढुवानी गरेर भाडा तिर्नुपर्छ, बाटोमा हिडाउँदै लिए पनि खर्च धेरै हुन्छ", उनले भने-"सहरबजारका मान्छेले हिमाली च्याङ्ग्रा खुब मन पराउँदा रैछन्, दसैंमा त ठूलो संख्यामा च्याङ्ग्रा बिक्री हुन्छ, पाल्न सके त राम्रो आम्दानी गर्न सकिन्छ, तर धेरै दुःख छ ।"

च्याङ्ग्राले हिमाली क्षेत्रमा जडीबुटीयुक्त घाँस खाने हुँदा धेरैले महँगो रकम तिरेर किन्ने गर्छन् । पाँच वर्ष पुगेका च्याङ्ग्रा मासुका लागि राम्रो मानिने डोल्पाका किसान थमसिंह बुढाले जनाए । सत्र दिनको यात्रा गरेर बागलुङ आइपुगेको बताउने बुढाले आफ्नो मुख्य आम्दानीको स्रोत च्याङ्ग्रा व्यापार भएको बताए । च्याङ्ग्रा व्यापारबाट नौ जनाको परिवार चलाएको उनको भनाइ छ । च्याङ्ग्रा हिउँ बढी हुने क्षेत्रमा पालन हुने भन्दै हिउँचितुवा र ब्वाँसोबाट जोगाउन मुस्किल हुने बुढा बताउँछन् ।

आफूले आठ वर्षदेखि निरन्तर दसैंमा च्याङ्ग्रा लिएर बजार झर्ने गरेको सुनाउँदै बर्सेनि मूल्य बढ्दै गएको उहाँको भनाइ छ । आफूले सुरुमा रु १२ हजारदेखि बिक्री गर्न सुरु गरेको भन्दै अहिले च्याङ्ग्राको मूल्य करिब रु ५० हजारसम्म पुगेको बुढामगरले बताए । चितवन र बुटवलसम्म पुग्दा मूल्य अझै बढी हुने उनी बताउँछन् ।

# उत्पादन, सिर्जना र निर्माणको पर्व नेपालीहरूको महान् राष्ट्रिय पर्व दसैं



झपेन्द्र जिसी

***विषय प्रवेशः***

दसैं आयो खाम्ला, पिम्ला ।
दश नगरा खियाएर जोरी ल्याम्ला !!
सबै भन्छन्-
दसैं आयो दसैं आयो !
उही ! सरर्र हुँइइअ ।
सरसर्र हुँइइअ !
(यो हो पिङ खेल्नेको आवाज)
चोरी ल्याको खाँइदैन ।
नयाँ नाना चाहिँदैन
जस्तो जे धोइ लाइन्छ ।
प्वाल भए टाली लाइन्छ
बाबा आमा किन फिक्री !
नलाम्ला हुन्छ सुनका सिक्री
सदा जीवन भए हुन्छ
सादा नाना लाए हुन्छ
मासु रोटी एउटै खाम्ला
स्कुस र फर्सी खाम्ला
सर्र हुँइइअ
सर्र हुँइइअ !

दसैं नेपालीको सबैभन्दा महान र रमाइलो पर्व हो । यो पर्व नेपालका कुनै जातजाति थर विशेषको पर्व नभई परम्परागत र प्राकृतिक पर्व हो ।

भारत (इण्डिया) तिर दसैं मनाइदैन । भारतमा पनि त्यहाँ त्यहाँ मात्र नेपाली छन्, त्यहाँ त्यहाँ मात्र मनाइन्छ(जस्तो, दार्जिलिङ्ग, सिक्किम, आसाम, सिलाङ र उता उत्तर वा उत्तराखण्ड, नैनीताल आदि इत्यादितर्फ । त्यसैले यो नेपालीको पर्व हो । अमेरिका वा युरोपतिर पनि नेपालीले दसैं मनाउँछन् । विदेशीले हाम्रो चाडको महत्व बुझ्दै छन् ।

भारतमा दसैं होइन राम नवी मनाउँछन् । दसैं मनाउँदैनन् । त्यहाँ अक्षताको टीका लाउन जान्दैनन्, थाहै छैन ।

हामी नेपालीहरुले दसैंमा चामलको अक्षताको राता वा सेता टीका साइनबोर्ड रुपी निधारमा लगाउँछन् । कानमा जमरा सिउरन्छौं ।

यस आलेखमा बडो छोटकरीमा अक्षता र जमराको महत्वबारे प्रकाश पार्ने कोशिश हुनेछ ।

टीका(कोदाको, मकैको जुनेलाको वा अन्य अन्नको निधारमा अर्थात् ललाटमा टीका लगाइँदैन ।

टीका केवल धानको अक्षताको मात्र लगाइन्छ । केही उत्तउला मान्छेहरु धानको महत्वबारेमा बुझेका छैनन् । अथवा संस्कृतिको गहिरो जानकारी छैन, इतरिएर प्याच्च भनिदिइहाल्छन् । नेपालीलाई मुखमा हाल्न सिता छैन । निधारमा अक्षता वा अछेताको टीका हेर यो फजूल खर्च भनेर टीकाटिप्पणी गरिदिन्छन् । दुर्भाग्य त के छ भने हाम्रो समाज सबैभन्दा बुझक्कड, पढालेखा ब्राह्मण गुरुज्यूहरुलाई समेत थाहा छैन, उहाँहरु मात्र सिलोक भट्याउनु हुन्छ ।

ॐ जयन्ती मङ्गला काली भद्रकाली कपालिनी, दुर्गा क्षमा शिवाधात्री स्वाहा स्वधा नमस्तुते !

अथवा या देवी थर्व भूतेस्युषु शक्ति रुपेण संस्थिता नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः या देवी सर्वभूतेषु ज्ञान रूपेण संस्थिता !

नमस्तस्यै नमस्तस्यै, नमस्यै नमो नमः

यसरी नै दुर्गा स्तोगमा महिला नारीको सम्मानमा सप्तशती सात सय प्रार्थना रहेका छन् । यो के भन्न खोजिएको हो ? गुरुबाहरुले बताउने बुझाउने सबै अन्नहरु प्रारम्भमा प्राकृतिक नै छन् । इतिहास पढ्दा यहाँ लाग्छ जौ र गहुँ इजिप्टको घाँसे मैदानमा उत्पत्ति भएको रहेछ । मानव जातिले जौ, गहुँ महत्व र उपयोगिताको पहिचान गरेपछि प्रयोगमा ल्याएको रहेछ । यस्तै मकै म्याक्सिको र ब्राजिल दक्षिण एसियातिरबाट संसारभर फैलिएको रहेछ ।

धानको कुरा गर्ने हो संसारका धेरै ताल तलैयामा उत्पत्ति भएको इतिहास छ । उत्पत्तिका क्रममा नेपालको पाल्पा प्रभास ताल, पाल्पाको माडीको बुढुवा ढापमा अद्यापि प्राकृतिक धान पाइन्छ ।

यसरी नै कपिलवस्तुको जगदशीपुर तालमा समेत प्राकृतिक धान प्राप्त भएको इतिहास छ । तर कस्तुरीले आफ्नै नाभीबाट आइरहेको मङ्मङ्ती बासना चलेको थाहा नपाइ टाढाटाढा भौतारिएझैं भएको छ । त्यहाँ त्यो धान हामीले लोप गरे जस्तो छ ।

कास्की पोखराको बेगनास तालमा प्राकृतिक धान अद्यापि छ । प्रिय मित्रहरु ! यहाँ शब्दहरु खर्च गर्नुको मूल उद्देश्य हो हाम्रा नेपाली पुर्खाले धानको महत्व महिमालाई बुझेर मानव रुपी साइनबोर्डमा अक्षता लगाएका थिए । मार्सी धान हिमाली क्षेत्र सिंजा जुम्ला फाँट आदिमा प्राप्त भएको प्रकृति वरदान हो ।

अन्तर्राष्ट्रिय व्यापार महासंघबाट आफ्नो स्वामित्वको हक लिने अहिले होडबाजी छ । विभिन्न कुराको प्याटेन्ट राइन्ट लिइरहेका छन् । हाम्रा पुर्खाहरुले मानव शरीरको साइनबोर्ड रुपी निधारमा अक्षताको टीका लगाएर सांस्कृतिक रुपमा प्याटेन्ट राइट लिइसकेका थिए । भन्छन्- भारतले सबै धानको प्याटेन्ट राइट लिइसक्यो रे । हाम्रो संस्कृति राइट यसरी सोसिंदा, लुटिंदा, हामी केवल राज्य पक्षलाई गाली गरर कतै मज्जा लिंदै त छैनौ ? कहिले बुझ्ने ? लिम्पियाधुरा, लिपुलेक र कालापानीको हाम्रो प्याटेन्ट राइटमाथि धावा बोलेझैं हडप गरें झैं । मार्सी धान, काला नमकको प्याटेन्ट राइट लुटे झैं, कुटनीति कुटनीति भन्दै हिंड्ने दास मनोवृत्ति बोकेका हामी बुद्धिजीवीहरु ! छिः छिः साँचो कुरा लेख्न बोल्न पनि सक्दैनौ !

जमरा दसैंमा फूलका रुपमा कानमा सिउरिने प्रचलन छ । दसैंमा अन्य कुनै फूलको प्रयोग गरिंदैन । हेक्का राख्न जरुरी छ । नेपालमा एउटा दसैं असोजमा र एउटा दसैं चैत्रमा मनाइन्छ । असोजमा मनाउने दसैंलाई शरदकालीन दसैं शारदीय दसैं र चैत्रमा मनाउने दसैंलाई चैते दसैं । बसन्तकालीन दसैं र वसन्ती दसैं भनिन्छ । पहिलोलाई वडा दसैं वा ठूलो दसैं र दोस्रोलाई सानो दसैं भनिन्छ । हाम्रा पुर्खाले घटस्थापनाको अवसरमा जौ, गहुँ आदिको जमरा राख्दछन् । जसको जमरा राम्रो गरी उम्रिन्छ, उसको बिउलाई सद्धे बिउ भनिन्छ । घरको अँध्यारोमा ठाउँमा राखिने हुँदा सूर्यको प्रकाश नपाएर स्वाभाविक रुपमा जमरा पहेंलो/सुनौलो रंगको हुन्छ । दसैंमा ठूलाबडाले धानको अक्षताको राता वा सेता टीका लगाइदिएर कानमा जमरा सिउरीदिन्छन्, राम्रो पनि देखिन्छ ।

अब प्रश्न उठ्छ लालुपाते, गुर्दोली वा अन्य फूललाई दसैंमा महत्व नदिनुको कारण के हो ? जुन घरमा जसको जमरा भरलत्तै उम्रिन्छ उसको बिउ राम्रो रहेछ भन्ने सूचक पनि हो । जमरा राख्नुको अर्थ बिउको उमार शक्ति परीक्षण पनि हो । यसभित्र विज्ञान लुकेको छ । त्यसैले हाम्रो नेपाली पुर्खाले नपढेका, निरक्षर भए पनि यसरी विज्ञानलाई बुझेका रहेछन् । आभारी छु म ती निरक्षर वैज्ञानिक हाम्रा पुर्खाप्रति !

**निचोडः**

प्रिय मित्रहरु यो आलेख दश जनाले मात्र अध्ययन गरेर केही सुझाव दिनु भयो भने, यो लेखको सार्थकता रहेछ ।

निर्माण, सिर्जना, उत्पादन, सद्भावना र समन्वयको पर्व २०८२ दसैंको उपलक्ष्यमा सबैलाई हार्दिक शुभकामना !


# Shitaganga Municipality

## Office of Municipal Executive

Thada, Arghakhanchi

## Invitation for Bid

Date of publication: 2082-06-13 (29th Sep,2025)

Shitaganga Municipality, Office of the Municipal Executive, Thada, Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system. All others information and bid document can be downloaded from PPMO's e-GP systemwww.bolpatra.gov.np/egp.For detail information contact in office.

**Information to deposit the cost in the Bank:,**

Name of the Bank: RastiyaBanijyaBank, Thada, Arghakhanchi

Name of Office: Shitaganga Municipality, Thada, Arghakhanchi

Rajaswa (Internal revenue) Account no. : 3380100301010003(For Bid Document)

DharautiKhata no.:3380100303010003 (For Bid Security)

| Tender No. | Name of Project | Bid Price (Non Refundable) | Bid Security Amount In NRs | Bid security valid period | Last date of' Bid submission | Bid Open | Estimated Amount (including VAT&P.S) NRs. |
|---|---|---|---|---|---|---|---|
| 16-SM/ W13/NCB/ 2082/083 | Bhedamare Simalpani Bouri Bhatganu Chidichour Hdai Cholarauni Dhawa Pawar Bikram Road Upgrading | NRs. 3000.00 | 5,10,000 | 120 Days | 29th Oct 2025 12:00 noon | 29th Oct 2025 13:00 noon | 1,91,07,336.48 |

Chief Administrative Officer



# माण्डवी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ (ढुंगा, गिट्टी,बालुवा) उत्खनन् र विक्रि कार्यको ठेक्का बन्दोबस्तीको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

( दोश्रो पटक प्रकाशित मिति :२०८२/०६/१२ गते )

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) ले दिएको अधिकार प्रयोग गरी यस माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार प्राकृतिक श्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०८२/८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समय भित्र हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, तथा कार्यालयको वेभ साईट www.mandavimun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ढुंगा, गिट्टी, बालुवा प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| ठेक्का नं. | नदी/ खोलको विवरण | बार्षिक उत्खनन् गर्न सकिने परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक रु.मा (भ्याट र अग्रिम आयकर बाहेक ) | बोलपत्र जमानत रकम (धरौटी रकम') रु. | बोलपत्र दस्तुर रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 01-MRM/ NCB/ RE-82/83 | झिमरुक र माडी नदि | १६,६४९.८ | ३५,२७,९२६.२२/- | कबोल गरेको अंकको कम्तिमा ५% हुन् आउने रकम नगदै वा कम्तिमा १२० दिन सम्म म्याद भएको बैक ग्यारेन्टी | ३,०००/- | |

**नोट. ढुंगा, गिट्टी, बालुवाको दररेट प्रति क्यु .फुट** (**लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२**) **बमोजिम ने.**रु.६(**भ्याट र अग्रिम आयकर बाहेक**)

-बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको आरन्तरीक राजस्व खाता नं२६६४९३२०४६०११७ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

-बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०८१/८२ को कर चुक्ता , बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८२/०६ /२८ गते सम्म बोलपत्र खरिद गरि सोही दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

-बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि बोलपत्र जमानत रकम कबोल गरेको अंकको कम्तिमा ५% हुन् आउने रकमयस कार्यालयको हिमालयन बैंक लिमिटेड माण्डवी गाउँपालिकाको जस्पुर शाखामा रहेको धरौटि खाता नं २६६४९३२०४६००८७ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

-अन्य थप जानकारीको लागि माण्डवी गाउँपालिकाको वेभ साईट www.mandavimun.gov.np मा हेर्न सकिने छ ।

## दसैंको मुखमा अमरपथमा अव्यवस्थित पार्किङ् र ठेला, पसलमा आउने ग्राहक आउन नसकेको व्यवसायीको गुनासो



बुटवल। बुटवलको मुख्य व्यापारिक क्षेत्र अमरपथमा अव्यवस्थित पार्किङ्ले व्यवसायीहरू मर्कामा परेका छन्।

ठेला तथा सवारीसाधन सडक पेटीमै अनियन्त्रित रूपमा राखिँदा ग्राहक पसलमा पुग्नै सक्ने अवस्था छैन भन्ने व्यापारीहरूको गुनासो छ।

अमरपथ पुग्दासम्म न्यूनतम ५ देखि १५ मिनेटसम्म जाम हुने गरेको छ। दसैं, तिहार र छठजस्ता ठूला पर्व नजिकिँदै गर्दा अमरपथ क्षेत्रमा हाटबजारको भीडभाड दिन प्रतिदिन बढिरहेको छ। तर, पार्किङ् व्यवस्थापन नहुँदा पसलसम्म आउने ग्राहक घटेका कारण व्यवसाय सुस्ताएको व्यापारीहरूको अनुभव छ।

"सडकको दुवैतर्फ ठेला राखिन्छ, सवारीसाधन पार्किङ् गरिन्छ, जसले गर्दा ग्राहक पसलमा प्रवेश नै गर्न सक्दैनन्," अमरपथका एक सुनचाँदी व्यवसायी भने-"यसरी व्यापार गर्ने अवस्था छैन, तत्काल निकास चाहिन्छ।"

अमरपथ बुटवलको सबैभन्दा व्यस्त व्यापारिक क्षेत्र हो। कपडा, जुत्ता-चप्पल, इलेक्ट्रोनिक्स, गहना तथा खाद्यान्नदेखि लिएर दैनिक उपभोग्य सामग्रीसम्मका पसलहरू यहाँ रहेका छन्। तर, भीडभाडकै कारण व्यवस्थापन गर्न नसक्दा सडक संकुचित भई पैदल यात्रु तथा सवारी चालक दुबैलाई असुविधा भइरहेको छ।

व्यवसायीहरूका अनुसार, स्थानीय निकाय र सम्बन्धित निकायले पार्किङ् समस्या समाधान गर्न पहल नगरेसम्म दसैंजस्ता व्यापार बढ्ने समयमा समेत घाटा हुने अवस्था आउने भन्दै व्यवसायी चिन्तित बनेका हुन्।

सडकमा अनियन्त्रित पार्किङ्का कारण दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयले बताएका छन्। पैदल यात्री, ठेला ठेलेर व्यवसाय गर्ने, पार्किङ् गर्ने र पसलमा सामान किन्न आउने ग्राहक सबै एउटै ठाउँमा थिचिनु परेको व्यवसायीको भनाइ छ।

व्यवसायीहरूले तत्काल समस्या समाधान गर्न आग्रह गर्दै आएका छन्। उनीहरूको भनाइमा, दसैं-तिहारका बेला हुने व्यापारिक चहलपहलमा पार्किङ् व्यवस्थापन गर्न सके नगरकै राजस्व बढ्ने मात्र नभई ग्राहकलाई पनि सहज हुने थियो।

अमरपथमा देखिएको पार्किङ् समस्या समाधान नभएसम्म बुटवलको व्यापारिक केन्द्रमा उत्साहजनक कारोबार हुने सम्भावना कमजोर हुने व्यवसायीहरूको आँकलन छ।

## बेमौसमी फूलखेती गरेर रु १५ लाख आम्दानी



घोराहीघोराहीउपमहानगरपालिका-१४ भिङ्गौराका लोकेन्द्र रोकामगरको बारीमा आजभोलि सयपत्रीका फूल ढकमक्क फुलेका छन्। उनले बाह्रै महिना यसैगरी फूलको व्यावसायिक खेती गर्दै आएका छन्। बेसिजन अर्थात् बेमौसमी याममा पनि उनी फूल, माला बिक्री गर्दै आएको बताउँछन्।

चाडपर्वमा मात्र नभई मगरको बारीमा अघिपछि पनि फूल फुलिरहेको हुन्छ। व्यावसायिक रूपमा फूलखेती गरेका उनी यही व्यवसायमा सन्तुष्ट छन्। आम्दानीको पाटो पनि राम्रो भएको छ फूलखेतीबाट। फूलखेती गर्नुभन्दा अघि उनी वैदेशिक रोजगारमा थिए।

"विगत लामो समयदेखि विदेशमा रोजगार गरेर फर्केपछि फूलखेती थालेको हुँ", उनले भने-"बाहिरी देशमा कमाएको भन्दा फूलखेतीबाटै आम्दानी हुने गरेको छ, अब विदेश नजाने बरु यही व्यवसायलाई अझ बढाउँदै लैजाने सोंच छ।"

रोजगारीका सिलसिलामा सात वर्ष कतारमा बिताएका रोकामगरले जिल्लामा दसैँ, तिहारलगायत पर्व एवं अन्य शुभकार्यका लागि फूलको माग देखेपछि फूलखेती गर्न थालेका हुन्।

अहिले उनले फूललाई प्रतिकेजी रु चार सयका दरले र माला एक थानलाई रु एक सयमा बिक्री गर्दै आएका छन्।

उमेरले ४० वर्ष पुगेका किसान मगरले विगत १३ वर्षदेखि फूलखेती गर्दै आएका छन्। यस वर्ष पनि तीन बिघा जग्गा भाडामा लिएर फूलखेती गरेको उनी बताउँछन्। जलजला पुष्प फार्मबाट व्यावसायिक रूपमा फूलखेती गर्दै आएका किसान मगरले स्थानीय केही नागरिकलाई रोजगारीसमेत दिएका छन्।

अहिले जिल्लासहित चितवन, बुटवलमा पनि फूल, माला पठाउँदै आएको बताउँछन्। उनले वार्षिक रूपमा रु ३५ लाख बढीको फूल, माला बिक्रीको कारोबार गर्दछन्। यसबाट रु १०-१५ लाख वार्षिक रूपमा बचत हुने उहाँको भनाइ छ। असोज महिनामा विभिन्न सभा, सम्मेलन, कार्यक्रम र विवाह, पूजालगाएत कार्यमा फूलमाला बिक्री भइरहेको उनी बताउँछन्।

किसान रोकामगरले विभिन्न प्रजातिका फूलका बिरुवा पनि उत्पादन गरेर बिक्री गर्दै आएका छन्। व्यावसायिक रूपमा फूलखेती गरेका र अन्य घर वरपर सजाउनका लागि पनि फार्ममै आएर नागरिकले लैजाने गरेको उनले बताए।

अब तिहार पनि आउँदै गरेकाले सरकारीस्तरबाट पलाष्टिकका मालालाई प्रतिबन्ध लगाएमा फूलखेती गरेका किसानलाई राहत हुने उनी बताउँछन्।

पछिल्लो समय आमनागरिकले पनि स्थानीयस्तरमा उत्पादित सयपत्रीको माला नै प्रयोग गर्ने प्रचलन बढ्दै गएकोप्रति उनी खुसी छन्। यस व्यवसायमा उनलाई परिवारको पनि राम्रो साथ र सहयोग मिलेको छ।

जिल्लामा व्यावसायिक रूपमा फूलखेती गर्ने किसानको संख्या बढ्दै जान थालेपछि यसको मूल्य पनि पहिलेको तुलनामा घट्दै गएको छ। तर आमनागरिकले कम मूल्यमा पनि स्थानीयस्तरमै उत्पादित ताजा फूलमाला प्रयोग गर्न पाएकोप्रति किसान मगर खुसी व्यक्त गर्दछन्।

## ओली...

यस्तै सरकारले गत भदौ २३ र २४ जेनजी आन्दोलनका क्रममा भएका हत्या, हिंसा, तोडफोड र आगजनीका घटनामा जोडिएकाहरुलाई कारबाही गर्न रोक लगाएको छ।

यसबारे छानबिन गरी प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग गठन भइ काम समेत सुरु गरिसकेको भन्दै गृह मन्त्रालयले त्यससँग जोडिएका घटनामा कारबाही नगर्न पत्राचार गरेको हो।

सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा भदौ २३ र २४ गतेको घटनाबारे छानबिन गर्न अयोग गठन गरेको छ। त्यो आयोगको कार्यक्षेत्र पर्ने विषयमा कुनै कारबाही नगर्न सरकारले प्रहरी संयन्त्रलाई निर्देशन दिएको हो।

'आयोगलाई भौतिक एवं मानवीय क्षतिसँग सम्बन्धित सूचना वा निवेदन ग्रहण गरी विश्लेषण गर्ने र कारबाहीको सम्बन्धमा आवश्यक राय दिने समेतको कार्यादेश रहेको हुँदा आयोगबाट सो कार्यादेश बमोजिम राय सहितको प्रतिवेदन प्राप्त भएपश्चात् नेपाल सरकारले कानुन बमोजिम गर्ने व्यहोरा जानकारी गराइन्छ,' मन्त्रालयले भदौ ९ मा जारी गरेको विज्ञप्तिमा भनिएको छ-'तसर्थ आयोगको कार्यक्षेत्रमा रहने विषयमा सरकारका नियमित संयन्त्रबाट तत्काल कारबाही अगाडि नबढाइने, तर गैर कानुनी रुपमा भएका र हुने गतिविधिमा कानुनअनुसार कारबाही हुने व्यहोरा समेत सबैमा जानकारी गराइन्छ।'

जेनजी आन्दोलनका क्रममा प्रहरीको हत्यामा संलग्न केहीलाई प्रहरीले पक्राउ परेको थियो। सरकारको यस्तो निर्देशनले यससम्बन्धी प्रहरीको कारबाहीमा रोकावट आउने देखिन्छ।

सरकारको यस्तो निर्णयलाई केहीले यसको आलोचना समेत गरेका छन्। तोडफोड र आगजनीमा संलग्न भएकाहरुलाई कारबाही गर्न रोक्न नहुने उनीहरुको मत छ।

**स्रोत नखुलेको रकमबारे अनुसन्धान तीव्र : अर्थमन्त्री**

स्रोत नखुलेको नगद भेटिएका स्थानमा अनुसन्धान तीव्र पारिएको अर्थ मन्त्रालयले बताएको छ। २३ र २४ भदौको जेन जी आन्दोलनका क्रममा विभिन्न नेताका घरलगायतका स्थानमा नगद जलेको वा भेटिएको भन्दै सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सूचनाहरू बाहिरिएका थिए।

त्यस सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको समेत अर्थ मन्त्रालयले जनाएको छ। मन्त्रालयले नागरिकहरूलाई सम्भव भएसम्म जुनसुकै कारोबार विद्युतीय भुक्तानीमार्फत् गर्न भनेको छ।

कानुन बमोजिम आय आर्जन भएको र स्रोत खुलेको जतिसुकै परिमाणको रकम पनि आफूसँग राख्न पाइने समेत अर्थले स्पष्ट पारेको छ।

तर, कारोबार गर्दा भने सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ अनुसार भने एक पटकमा १० लाखभन्दा बढीको कारोबार गर्दा बैंकिङ उपकरण प्रयोग गर्नुपर्ने उल्लेख छ।

नेपाल आउने नेपाली वा विदेशी नागरिकले ५ हजारसम्म भन्सार घोषणाबिना नेपाल भित्राउन सक्ने र सोभन्दा बढी रकमको हकमा भन्सार घोषणा गरी प्रमाणित गराउनु पर्ने व्यवस्था रहेको समेत अर्थले स्मरण गराएको छ।

नेपाली नागरिकले विदेशमा रोजगारी वा विदेशमा व्यवसाय गरी आर्जन गरेको वा विदेश भ्रमणका लागि सटही सुविधाअन्तर्गत प्राप्त गरेको विदेशी मुद्रामध्ये बचत हुन आएको विदेशी मुद्रालगायत अन्य वैध स्रोतबाट प्राप्त विदेशी मुद्रा भविश्यमा उपयोग गर्ने प्रयोजनका लागि अधिकतम अमेरिकी डलर १५ सय वा सो बराबरको परिवर्त्य विदेशी मुद्रासम्म नगद राख्न सकिने व्यवस्था रहेको समेत अर्थले बताएको छ।

सो कानूनी व्यवस्थाबारे स्रोत न खुलेको कहीँ कतै नभेटिएका स्थानमा कानून अनुसार अनुसन्धान गर्ने निकाय सक्रिय भएको अर्थ मन्त्रालयले जनाएको छ।

### २३औ बार्षिक साधारणसभा तथा दशौं अधिवेशनमा अनिवार्य उपस्थित हुने बारे।

मितिः २०८२/०६/१३

यस विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि. बुटवल-४ को मिति २०८२/०४/१८ गते सोमबार बसेको सल्लाहकार सहित सञ्चालक समितिको बैठकबाट निर्णय भए अनुसार संस्थाको २३औ वार्षिक साधारणसभा तथा दशौं अबिधेसन निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पुर्ण शेयर सदस्यहरुलाई अनिवार्य उपस्थतिको लागि बिनम्र अनुरोध गर्दछु।

**कार्यक्रमः**

**मितिः** २०८२ साल कार्तिक १७ गते सोमवार

**समयः** बिहान ८:०० बजे

**स्थानः** भूपू सैनिक कल्याण क्लवको सभाहल बुटवल-११ देबिनगर, (बाणीज्य क्याम्पस पश्चिम) फोन नं ४१००६१, ९८५७०६९६९२ ९८४७०४८२५१,

**साधारण सभाका विषयहरुः**

**(क) उदघाटन शत्र**

(१) आ.ब. २०६१ / ०८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षको बार्षिक प्रतिवेदन पारीत गर्ने सम्बन्धमा।

(२) आ.ब. ०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन र कोषाध्यक्षको बार्षिक प्रतिवेदन तथा बजेट ०८२/०८३ पारित गर्ने सम्बन्धमा।

(३) लेखा शुपरिबेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।

(४) आ.ब. २०८२ / २०८३ का लागि लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

(५) आ.ब. २०८१ अषाढ मसान्त सम्मको सञ्चीत शेयर लाभांश, संरक्षीत पुंजिफिर्ता कोष वितरण रकम अनुमोदन सम्बन्धमा।

(६) संस्थाको मूल विनियम, "पूनर्लिखित विनियम २०८२" अनुमोदन सम्बन्धमा।

(६) साधारणसभाको निर्णयपुस्तिका प्रमाणीत गर्ने ११ जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा।

**(ख) निर्वाचन कार्यक्रम :**

निर्वाचन समितिले तोकेको (निर्वाचन कार्यबिधि २०८०) प्रकृया अनुसार निर्वाचन सम्पन्न, सपथग्रहण, प्रतिबद्धता, नव निर्वाचित अध्यक्षबाट छोटो मन्तव्य, अन्तमा कार्यक्रम सम्पन्न भएको जानकारी

**नोटः/पुनश्चः**

(१) साधारण सभामा उपस्थित शेयर सदस्यहरुको लागि खाजाको व्यवस्था गरिएको छ।

(२) विगत वर्षमा भै यस बर्षमा पनि शेयर सदस्यहरुको छोराछोरी बाट +२मा प्रथम श्रेणी [GPA 2.8 'B'] भन्दा माथि अंक ल्याई रेगुलर उत्तिर्ण हुने विधार्थीलाई सम्मान गरिने कार्यक्रम रहेकाले यसै कार्तिक १० गते भित्र यस सहकारी कार्यालयमा बिद्यार्थीको मार्कसिट कपि र १ प्रति PP size फोटो उपलब्ध गराइदिनुहुन यसै सूचना मार्फत अनुरोध छ। साथै संस्थाको सदस्यता कार्यविधि २०७८ दफा २६ बमोजिमका उत्कृष्ट बचतकर्ता सदस्य सम्मान, अनुशासित ऋणी सदस्य सम्मान अधिक शेयरसदस्य बृद्धी गर्ने सदस्य सम्मान लगायतका विधामा सम्मान गरीने सबैमा जानकारी गराइन्छ।

Email: Cooperativebishwojyoti@gmail.com Ph.no: ०७१५३०५४४

**विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
बुटवल-४ रुपन्देही




नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

| | |
|---|---|
| देवराज ज्ञवाली | सुरेन्द्र कुमार बर्मा |
| प्रमुख कार्यकारी अधिकृत | अध्यक्ष (तथा) |

सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. परिवार
तिलोत्तमा-३, शंकरनगर, रुपन्देही




नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

| | |
|---|---|
| प्रो. विवेक काजी शाक्य | अमन शाक्य |
| ९८४७११०३८२ | ९८४७१२८१४७ |

ज्ञानेन्द्र अटो वर्कर्स-यमाहा पाल्पा परिवार
तानसेन,पाल्पा




नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

| | |
|---|---|
| रविलाल भट्टराई | युवराज पोखरेल |
| व्यवस्थापक | अध्यक्ष (तथा) |

माउण्ट एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. परिवार
वाणगंगा नगरपालिका-५, कोपवा, कपिलवस्तु

## गुल्मीदरबार गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यलय
गैँडाकोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

### आन्तरिक आय तर्फको सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०६/१३)**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क. र यस गुल्मीदरबार गाउँपालिकाको आर्थिक ऐन, २०८२ को दफा ७ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत ठाउँहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी साथै गुल्मीदरबार क्षेत्र भित्रका कवाडी जन्य वस्तुको निकासी गरी गुल्मीदरबार गाउँपालिका तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्तिड, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपीहरु संलग्नब गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउ पत्र प्रकृयामा सहभागी हुन सम्बन्धी सबैको जानकरी लागि यो सूचना प्रकाशन गरिएकोछ।

**आ.व.२०८२/०८३ को आन्तरिक आय ठेक्का विवरणः**

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | सिलबन्दी दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम शिलवन्दी अङ्क(सेवा शुल्क र मू.अ.कर बाहेक) | सिलबन्दी दस्तुर(रु) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | GDRM/IR/SQ-01/2082/083 | गुल्मीदरबार गाउँपालिका क्षेत्र भित्रका फलाम, सिसा, कागज लगायतका अन्य कवाडी जन्य वस्तुको निकासी | | रु.१,८०,०००.०० | रु.१,००० | रु.५,०००/- |
| २ | GDRM/IR/SQ-02/2082/083 | गुल्मीदरबार गाउँपालिकाको वडा नं.१ को खौवा घाट, मालेबगर क्षेत्र र वडा नं २ को घोराहाफाँट वगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदिको निकासी | १,४७,४९०.०० क्यू.फिट | रु. ८,९०,०००.०० | रु.१,००० | रु.२५,००० |

नोटः

ड उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले पन्धौं दिन (मिति २०८२/०६/२७) सम्म कार्यालय समय भित्र दरभाउ पत्र खरिदगरी (मिति २०८२/०६/२८) दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दीसहित बुझाउनु पर्ने छ। प्राप्त दरभाउ पत्र सोहि दिन दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिने छ। अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

ड ठेक्का सम्बन्धी शर्तहरुको लागि यस कार्यालयको website-www.gulmidarbarmun.gov.np)र फोन नं. ९८५७०६७९१२ मा सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विद्युत वितरण केन्द्र कृष्णनगरद्वारा जारी सन्देश**

१. बिल समयमा तिर्नुहोस जरिवाना लाग्नबाट जोगिनुहोस।
२. अवैध लाइन जडान नगर्नुहोस्, यो कानुनतः अपराध हो।
३.बिजुलीको पोलमुनी वा ट्रान्सफर्मर आसपासमा बच्चाहरूलाई खेल्न नदिनुहोस्।
४. लाइनमा समस्या देखिएमा आफै हात नलगाई तुरुन्त हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस्।
५. विद्युत् प्रयोगमा मितव्ययी बनौं, राष्ट्रको ऊर्जा बचत गरौं।
६. मिटर छेडछाड नगर्नुहोस्, नियम उल्लङ्घन गम्भीर अपराध हो।
७. झिलिमिली बत्ती होइन, सचेत उपयोग गरौं - लोड सेडिङ हटाऔं।
८. हावाहुरी वा वर्षातमा पोल ढलेमा तुरुन्त नजिकको विद्युत कार्यालय वा ११८ मा खबर गर्नुहोस्।
९. घर निर्माण गर्दा नजिकैका लाइन र पोलको दूरीको ख्याल राखौं।
१०. विद्युत् सम्बन्धी गुनासो, सुझाव , सेवा वा अनुरोध भयमा हाम्रो हेल्पलाइन सधैं खुला रहनेछ।

- तपाईंको सन्तुष्टि हाम्रो प्राथमिकता

**विद्युत वितरण केन्द्र**
कृष्णनगर, कपिलवस्तु

नेपालीहरूको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**आम सर्वसाधरणमा अनुरोध**

- चर्पीको नियमित प्रयोग गर्ने गरौं।
- व्यक्तिगत सरसरफाइमा ध्यान दिऔं।
- सुरक्षित खाना खाने बानी बसालौं।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गर्ने गरौं।
- साबुन पानीले हात धुने बानीको विकास गरौं।
- घरयासी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने गरौं।
- पूर्ण सरसफाइ प्राप्तिमा विशेष ध्यान दिने गरौं।

**खानेपानी तथा सरसफाई कार्यालय, कपिलवस्तु**
तौलिहवा, कपिलवस्तु

# अस्पतालले भर्ना लिन मानेन, उपचारको लागि अस्पताल चाहार्दै

लवकुमार अधिकारी
*प्यूठान*

जिल्ला अस्पताल प्यूठानले नै उपचार गर्न गएका बिरामीलाई भर्ना नगरी फर्काएका छन् । मध्यान्ह रातको करीव ३ बजे इमर्जेन्सीमा आएकी बालिकालाई सामान्य चेकजाँच गरि फर्काएका हो ।

नौबहिनी गाउँपालिका-७ पाँचचौर पोखाकी ३ वर्षीय दुर्गा रोका मगरलाई ज्वरो र स्वास प्रस्वासमा समस्या आएपछि शुक्रबार रातको १ बजे घरबाट उपचारका हिडेको बालिकाका काका केफ रोका मगरले बताए ।

जिल्ला अस्पताल प्यूठानमा स्वास्थ्यकर्मीले इमर्जेन्सीमा राखेर उपचार नगरी प्रेसरमात्र हेरी भोलि आउनु भन्दै फर्काएको मगरले बताए ।

'१ बजे गाडी रिजर्व गरि बिजुवार अस्पताल पुग्यौ । हामी अस्पताल पुग्दा करिव ३ बजेको थियो । बच्चालाई लगेर इमर्जेन्सी कक्षमा पुग्यौ ।

हामी त्यहाँ पुग्दा डाक्टर निदाएका देखिन्थे । बच्चालाई सास फेर्न गाह्रो भएको थियो ।

डाक्टर उठेपछि रिसाउने र झर्किने स्वाभाव देखाए।कस्तो नमान्ने बच्चा होला भन्दै होतर्दै प्रेसर चेकजाँच गरे । बच्चा रोईरहेको थियो,' बालिकाको साहिलो काकाले भने-'अहिले बच्चाको उपचार सम्भव छैन भोलि ९/१० बजे आउनु मैले केही गर्न सक्दैन भोली डाक्टर आउनुहुन्छ तपाईं भोलि आउनु भन्दै हामीलाई घर फर्काईदिए ।'

उनले थप्दै भन्छन्-'हामी यति राति कहाँ जाने ? सबै होटल बन्द छन् बरु यहाँ बेड खालि रहेछ यतै बस्छौ भोलि चेकजाँच गरि जाने आग्रह गर्यौ, तर हुँदैन यहाँ बस्न मिल्दैन भनेपछि हामीले रिजर्व गरेको गाडीमा एकछिन बस्यौ छोरीको अवस्था हेर्दा निकै जटिल थियो, सास फेर्न झनै गाह्रो भएको थियो ।

हामी आत्तिएर करिव रातको ४ बजे बाग्दुला लाईफ केयर अस्पताल पुग्यौ । अक्सिजन र एन्टीबाईटिक प्रयोग पछी स्वास्थ्य अवस्थामा सुधार आएको थियो ।'



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रमेश पन्थी
प्रधानाध्यापक

जनता माध्यमिक विद्यालय परिवार
बाणगंगा नगरपालिका, पिपरा, कपिलवस्तु

नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृषि ज्ञान केन्द्र तौलिहवा कपिलवस्तुको अनुरोध

१.कृषि ज्ञान केन्द्र तौलिहवा सँग नियमित सम्पर्कमा रही, तालिम, अनुदान र प्रविधिको जानकारी समयमै लिऔं ।
२.मौसमी तरकारी, फलफूल र पशुपालन गरेर घरको आम्दानी स्थायी बनाऔं ।
३.बालीमा रोग लागेमा तुरुन्त कृषि प्राविधिकको सल्लाह लिऊँ – आफ्नै अनुमानमा औषधि हालेर माटो बर्बाद नगरौं ।
४.उब्जाउ बढाउन हरेक २ बर्षमा माटो परीक्षण गरौं, आवश्यकतानुसार मल र सुक्ष्म पोषक तत्व प्रयोग गरौं ।
५.बीउ राम्रो भयो भने आधा काम सफल हुन्छ त्यसैले प्रमाणित एवं उन्नत जातको बीउ मात्र प्रयोग गरौं ।
६.मल प्रयोगको तालिका कृषि ज्ञान केन्द्रबाट लिएर मात्र मल हालौं माटो अनुसार मात्र ।
७.बालीसँगै तरकारी र फलफूल खेती गरौं आम्दानी पनि बढ्छ, परिवारको पोषण पनि मजबुत हुन्छ ।

कृषि ज्ञान केन्द्र कपिलवस्तु
तौलिहवा, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साल्ट ट्रेडिङ्ग एण्ड कम्पनी लि.
सिद्धार्थनगरपालिका, भैरहवा, रुपन्देही



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. रामप्रसाद कालीराज
फोन नं. ०७१-५३८२३१,९८४७०२४३०६

रम्भादेवी सुनचाँदी पसल परिवार
अमरपथ-४, बुटवल, रुपन्देही

नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विद्युत वितरण केन्द्र कृष्णनगरद्वारा जारी सन्देश

१. बिल समयमा तिर्नुहोस जरिवाना लाग्नबाट जोगिनुहोस ।
२. अवैध लाइन जडान नगर्नुहोस्, यो कानुनतः अपराध हो ।
३.बिजुलीको पोलमुनी वा ट्रान्सफर्मर आसपासमा बच्चाहरूलाई खेल्न नदिनुहोस् ।
४. लाइनमा समस्या देखिएमा आफै हात नलगाई तुरुन्त हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस् ।
५. विद्युत् प्रयोगमा मितव्ययी बनौं, राष्ट्रको ऊर्जा बचत गरौं ।
६. मिटर छेडछाड नगर्नुहोस्, नियम उल्लङ्घन गम्भीर अपराध हो ।
७. झिलिमिली बत्ती होइन, सचेत उपयोग गरौं - लोड सेडिङ हटाऔं ।
८. हावाहुरी वा वर्षातमा पोल ढलेमा तुरुन्त नजिकको विद्युत कार्यालय वा ११८ मा खबर गर्नुहोस् ।
९. घर निर्माण गर्दा नजिकैका लाइन र पोलको दूरीको ख्याल राखौं ।
१०. विद्युत् सम्बन्धी गुनासो, सुझाव , सेवा वा अनुरोध भयमा हाम्रो हेल्पलाइन सधैं खुला रहनेछ ।
- तपाईंको सन्तुष्टि हाम्रो प्राथमिकता

विद्युत वितरण केन्द्र
कृष्णनगर, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा हाम्रा आदरणीय यात्रु, सेवाग्राही तथा शुभेच्छुकहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरक्षित र सहज यात्रासँगै तपाईहरुको जिवनयात्रा पनि सुख, शान्ति, समृद्धिले भरिपूर्ण रहोस भन्ने कामना गर्दछौं ।

श्री दुर्गेश्वरी ट्राभल्स प्रा.लि.

बुटवल, कृष्णनगर, नेपालगन्ज र धनगडि देखि भारतका विभिन्न शहरहरुमा जानको लागि जस्तै जयपुर ,वडोदरा ,सुरत, वापी, पुना, रत्नागिरी ,हैद्रावाद हुँदै ब्याङ्गलोर, दिल्ली , पन्जाब सम्म जान चाहनु हुन्छ भने AC/NON AC बसको सुबिधा सहित सुरक्षित यात्राको लागि दैनिक सेवा दिदै आईरहेको श्री दुर्गेश्वरि ट्राभल्स प्रा. लि लाई सम्झिनुहोस् ।

आफ्नो सिट सुरक्षित गर्नको लागि तल दिइएको नम्बरमा सम्पर्क गर्नुहोला ।

नेपालदेखि, भारतको बेङ्लोर, हैदराबाद, मुम्बई, पुना
Whats app (९८५-११३५१६९)

| बुटवल (अफिस ) | मुम्बई, सुरत | नेपालगन्ज, धनगढी |
|---|---|---|
| ९८५११३५१६९ | ९००४३७४१८७ | ९८१५६४९४७४ |
| ९८१९०९१४६९ | हैद्रावाद, बैङगलोर | ९८४१७२३७३७ |
| ९८६७३१९५४२ | ८३५५९६७४०९ | ९८६०६०४७४३ |




नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शिक्षक, अभिभावक, विद्यार्थी एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दुर्गा अर्याल — सचिव
सूर्यकुमारी शाही — अध्यक्ष (एवम)

सिद्धार्थ सामाजिक विकास केन्द्र परिवार
बाणगंगा, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शालिकराम पौडेल — प्रबन्धक
उदयमान कुँवर — अध्यक्ष (तथा)

साना किसान कृषि सहकारी संस्था लि. परिवार
बाणगंगा न.पा., मोतीपुर, कपिलवस्तु



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण वडाबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मानबहादुर बस्नेत (राजु)
वडा अध्यक्ष (एवम्)

इस्मा गाउँपालिका वडा नं. ४ को कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दिनामणि खनाल — प्रबन्धक
लक्ष्मण बेल्वासे — अध्यक्ष (तथा)

सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
बाणगंगा, कपिलवस्तु

हात धोऔं, रोग संक्रमणबाट बचौं ।

- सधैं साबुन र पानीले हात धोऔं ।
- खाना खानु अघि र पछि हात सफा राखौ,
- शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,
- खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,
- रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौ ।
- बालबालिकालाई हात धुन सिकाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण वडाबासी एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ज्योतिराज कुँवर
वडा अध्यक्ष (एवम्)

इस्मा गाउँपालिका वडा नं. ३ को कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश



नेपालीहरुको महान चाड विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्य महानुभावहरु एवम् कर्मचारी, शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बलराम भुषाल — प्रबन्धक
चुरामणि पोखरेल — अध्यक्ष (तथा)

साना किसान कृषि सहकारी संस्था लि. परिवार
बुद्धभूमि-९, बर्कलपुर, कपिलवस्तु

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com